आज मिति २०७६ साल पौष ०२ गते बिहान ८: १५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

निर्णय नं.१

निर्णय नं.१

मनहरी गांउपालिकालाई यही २०७६ साल पौष २५ गतेका दिन बालमैत्री गांउपालिका घोषणा गर्ने कार्यक्रम तय भई सकेकोले सो कार्यक्रमलाई सफल बनाउन तयार गरिएको बाल संरक्षण कार्ययोजना २०७६ स्वीकृत गर्ने निर्णय गरियो । साथै घोषणा पूर्व गर्नु पर्ने बिभिन्न खुड्कीलागत तयारीहरु पार गर्न तत्काल वडा सबै वडामा वडा सदस्य/टोल बिकास संस्थाका पदाधिकारीहरु परिचालन गरी सबै घरमा बाल बिवाह बिरुद्धको सुचना टांस गर्ने,वडा गत रुपले तयार भएको बिधालय,स्वास्थ्य संस्था,जन्म दर्ता लगायतका क्षेत्रगत सुचकको बिबरण सहीत बालमैत्री वडा घोषणा गर्न सक्षमताको पत्र सहीतका दस्तावेज प्राप्त गर्ने,सबै वडामा बालमैत्री शाखा स्थापना गर्न तत्काल १/१ थान दराज,कुर्सी,टेबल आदी खरीद गरी उपलब्ध गराउने समेत निर्णय गरियो ।

निर्णय नं.२

मनहरी गांउपालिकालाई बालमैत्री गांउपालिका बनाउने संदर्भमा बालमैत्री स्थानिय शासन राष्ट्रीय रणनिती र कार्यान्वयन कार्यबिधी २०६८ तथा घोषणा कार्यबिधी २०७० बमोजिम यस गांउपालिकाले C.F.L.G.अवधारणा अबलम्बन, कार्यान्वयन र घोषणाको चरणमा आईपुग्दा दिगोपनाकोलागी यस मनहरी गांउपालिकाले निर्माण गरेको बालअधिकार संरक्षण कार्यबिधी अनुमोदन गर्ने निर्णय गरियो ।साथै उपाध्यक्ष असहाय न्याय कोष संचालन कार्यबिधी-२०७६,बालकोष संचालन कार्यबिधी-२०७६,सेफ हाउस संचालन कार्यबिधी-२०७६ लगायतका कार्यबिधी तत्काल तयार गर्न चालु भैपरी कोषबाट रु.५० हजार बिनियोजन गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.३

तपशील बमोजिम बिभिन्न वडाबाट माग भएबमोजिमका आबस्यक कार्यक्रम/योजनाहरु तपशीलको खर्च शीर्षकबाट रकम बिनियोजन गरी उपभोक्ता समिति मार्फत कार्यान्विनय गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं. | योजना/कार्यक्रमको नाम | बिनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|
| १ | वडा नं ३ लामीटार मा निर्माण भएको गांउसभाहलमा अधुरो कम्पाउण्ड वाल निर्माण,गेट जालीबार समेत सम्पन्न गर्ने | २०००००० । | पूंजीगत भैपरी आउने |
| २ | वडा न ३ लामीटारमा निर्माण भएको गांउसभाहलको छेउको चारकोठे पक्की भवनको माथि तला थप गरी सेफ हाउस बनाउने | १५००००० । | पूंजीगत भैपरी आउने |
| ३ | डोंठे सुकौरा खानेपानी योजना मर्मत कार्य | ३०००० । | मर्मत सम्भार कोष |

निर्णय नं ४.

भुमि व्यबस्था सहकारी तथा गरिबी निबारण मंत्रालयद्धारा यस गांउपालिकामा समेत लागु गर्न स्वीकृत भएको गरिब परिवार पहिचान तथा परिचय पत्र बितरण कार्यक्रम मंत्रालयद्धारानै तयार गरि प्रेषित निर्देशिका -२०७५ बमोजिम तोकिएका कार्य संचालन गर्न तत्कालै ८ जना गणक र १ जना सुपेरीबेक्षक आबस्यक पर्ने हुंदा सो कामकोलागी मंत्रालयद्धारा बित्त हस्तान्तरण गर्ने पत्रमा उल्लेख गरेको योग्यता खुल्ने गरी आबेदन दिन स्थानिय पत्रीकामा सात(७) दिनको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।साथै सो कार्यक्रम संचालन निर्देशिका बमोजिमको कार्य संचालनकोलागी अधिकृत छैठौं राजेन्द्रप्रसाद चौलागाईलाइ मंत्रालयसंगको सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

निर्णय नं ५

कार्यालयद्धारा अमानतमा गर्दै आएको गीटी ढुङ्गा बालुवाको निकासी शुल्क (आन्तरीक राजस्व) संकलन कार्य सुनाचुरी नाका र खरङ्गा नाकामा रहेको आफ्नै फलामे घुम्तीबाट गरिआएकोमा हाल सो काम संबन्धि सबै कार्य ठेकेदार

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

सि.बि.कन्ट्रक्सन प्रा.लि. लाई सम्झौता गरि जिम्मा दिइएकोमा निज कम्पनीको माग बमोजिम सो दुवै घुम्तीहरु मिति २०७६/०८/१८ देखि लागु हुनेगरी सुनाचुरी नाकाको मासिक रु.५०००। र खरड्डा नाकाको मासिक रु.२५००।भाडा (नियमानुसारको बहाल कर निजलेनै तिर्ने गरी) प्राप्त हुने गरी सोही कम्पनीलाइ भाडामा दिने निर्णय गरियो।

निर्णय नं ६

कार्यालयमा गांउसभाबाट निर्णय भएबमोजिम दरबन्दी रहेको अमिन पद १ सहायक चौथो करार सेवामा भर्ना गरिएकोमा गांउपालिकाको सबै वडामा रहेका सार्वजनिक पर्ती ऐलानी जग्गा संरक्षण गर्ने र सो कामकोलागी यस बर्ष अभियान संचालन गर्ने गरी गांउसभाबाट रकम समेत बिनियोजन भएकोले १ जना थप जग्गा नापी संबन्धि कर्मचारी आवस्यकता परेकोले माधव नारायण नगरपालिका-७, रौतहट निबासी निजामति सेवाको नापी प्रशासनमा कार्य गरि सर्बेक्षक पदबाट अवकास प्राप्त प्रमोदकुमार झालाइ सोही पदको हालको सुरु स्केल तलब बराबर दैनिक ज्याला पर्ने गरी ज्यालादारीमा कामकाज गराउने निर्णय गरियो ।साथै गांउपालिकाभरका निजि जग्गा सांध सिमाना छुट्टयाउने,आंकडा एकीन गर्ने लगायत कि.का.बाहेकका काम गराउन चाहेमा समेत निज अमिनहरुलाई खटाउन सकिने र सो कामकोलागी गांउसभाबाट कुनै राजस्व रकम निर्णय नहुञ्जेल सम्मकालागी धुरको आधारमा राजस्व तिर्न चाहेमा प्रतिधुर राजस्व रु.१००। र प्रति कित्ताको आधारमा राजस्व तिर्न चाहेमा प्रति कित्ता रु.३०००।कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ७

मनमरी गांउपालिकाको खेलकुद बिकास निर्देशिका-२०७६ बमोजिम कार्यपालिकाबाट मनोनयन गर्नु पर्ने पदेन बाहेकका पदमा देहायका व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

देहायः

| सि.नं | नामथर | ठेगाना | मनोनयन गरेको पद |
|---|---|---|---|
| १ | नबिन सुबेदी | मनहरी ७ | संयोजक |
| २ | बिशाल लामा | मनहरी १ | सदस्य |
| ३ | लक्ष्मण लामा | मनहरी ३ | सदस्य |
| ४ | दीपेन्द्र अधिकारी | मनहरी ५ | सदस्य |
| ५ | शोलाल गोले | मनहरी ९ | सदस्य |
| ६ | शशी लामा | मनहरी ८ | (महीला) सदस्य |

निर्णय नं ८

चालु आ.ब.का लागी गांउसभाद्धारा विनियोजित रकमबाट ५०.प्रतिशत अनुदानमा बायोफ्लक प्रबिधीबाट माछा पालन कार्यक्रम संचालन गर्न ईच्छुक कृषकहरुकोलागी अनुदान प्राप्तीकोलागी न्युनतम शर्तका आधारहरु उल्लेख हुनेगरी १५ दिनको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ९

गांउपालिका क्षेत्रमा रहेको मनहरी गांउपालिका ख्रिष्टियन समाज नामक संस्थाले किसमस २०७६ को उपलक्षमा शुभकामना आदान प्रदान कार्यक्रमकोलागी आर्थिक सहयोग पाउन दिएको निबेदन बमोजिम रु.१००००।आर्थिक सहायता तथा उपचार सहयोग कोषबाट अनुदान सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १०

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

यस चालु आ.ब.०७६/०७७ को लागी प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागी पारिश्रमिकमा आधारित परियोजना कार्यान्वनय गर्न यस अघिको निर्णयबाट वडाहरुबाट योजना चयन गरि पठाउन जानकारी गराएबमोजिम वडाहरुबाट प्राप्त तपशीलका योजनाहरु माग गरि पठाउने निर्णय गरियो ।

तपशील:

| क.स /वडा नं | योजना | बजेट |
|---|---|---|
| १ | चकरी नयाँ ट्रयाक खोल्ने | ३००००० |
| | मकरी नयाँ ट्रयाक खोल्ने | ३००००० |
| | गोगनपानी नयाँ ट्रयाक खोल्ने | ३००००० |
| | चकरी खोला तटबन्धन | ३००००० |
| | गोगनपानी रसाईली टोल देखी ज्यामिरे खोल्ने नयाँ ट्रयाक | ३००००० |
| २ | ग्याबियन जाली भर्ने कार्य | २५००००० |
| ३ | वडा कार्यालय सरसफाई तथा चौतारी मर्मत | ३००००० |
| | नदी नियन्त्रण | ७००००० |
| ४ | यसै वडा खुर्सानीधारी हुदै यसै गाउँपालिका वडा नं २ को वाईवा टोल दोभान जोड्ने बाटो निर्माण | १०००००० |
| | चकरीताल हुदै वडा नं २ को गोगनधारी जोड्ने बाटो निर्माण | ६००००० |
| | बैदार टोलको सिचाँई कुलो मर्मत | ३००००० |
| | लामपाखा देखी नौखले टोल सम्म बाटो निर्माण | ५००००० |
| | बिष्ट टोल देखी नौखले टोल सम्म बाटो निर्माण | |
| | मसीने ट्वाग्रा खोला दायाँ बायाँ तटबन्धनहरुमा बृक्षारोपण गर्ने कार्य | ५००००० |
| ५ | शिखरबास खानेपानि पाईपलाईन खन्ने पुर्ने मर्मत संभार | ९००००० |
| ६ | डिपाड तथा लोथर सामुदायीक वन क्षेत्रमा गोडमेल तथा बृक्षारोपण कार्यक्रम | १०००००० |
| ७ | बृक्षारोपण | ३००००० |
| | अस्पताल सरसफाई | ३००००० |
| | जंगलमा अग्नि रेखा बनाउने | ३००००० |
| ८ | रानीपोखरी धार्मीक पर्यटक स्थल सौन्दर्यीकरण गर्ने कार्य | १०००००० |
| | मनहरी पुल देखी रानीपोखरी हुदै दारीमबास सम्म जोड्ने बाटो ट्रयाक खोल्ने कार्य | १०००००० |
| ९ | मनहरी ९ को टावरमुनी भाडी सुधार गरी कागतीको विरुवा को गोडमेल गरी सुधार कार्यक्रम | ६००००० |
| | सुकोडा बाट ईन्द्रेणी छाँगा हुदै परेवा गुफा ट्रेकींग रुट निर्माण गर्ने कार्य | १०००००० |

निर्णय नं ११

तपशीलका विभिन्न वडाबासीहरु बिभिन्न दीर्घ रोग तथा समस्याहरुबाट ग्रस्त भई उपचाररत रहेकोले यथासक्य आर्थिक सहयोग पांउ भनि पेश भएको निवेदन उपर पालिका स्तरीय मेडिकल बोर्डबाट समेत सिफारिस भएको आधारमा तपशीलमा उल्लेख भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशील:

| सि.नं | नामथर | वडा नं | समस्या | सहायता रकम | खर्च शीर्षक |
|---|---|---|---|---|---|
| १ | जितबहादुर सुनार | ९ | आन्द्रामा समस्या | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| २ | बुद्धीमाया रुम्बा | ४ | पाठेघर क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ३ | राजेश परियार | ९ | मानसिक | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ४ | हिरामाया थापमगर | ९ | चोटपटक | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ५ | बिरबहादुर मुक्तान | ५ | क्यान्सर | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |
| ६ | बहादुर सिं प्रजा | ३ | क्यान्सर/टीबी | १०००० | आर्थिक सहायता तथा उपचार सहयोग कोष |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

... उप्रेती
अध्यक्ष

| ७ | | ३ | मानसिक अशक्त | १०००० | आर्थिक सहायता तथा उपचार संयोजक कोष |
|---|---|---|---|---|---|

निर्णय नं १२

आ.व.०७६/०७७ मा कार्यान्वयत गर्नेगरी सभाद्वारा बिनियोजित तपशील बमोजिमका सम्बन्धित शीर्षकका एकमुष्ठ रकमलाई तपशीलमै उल्लेखित रुपमा बिषयगत बिभाजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | कार्यक्रम कृयाकलापको नाम | बिनियोजित/बिभाजित बजेट |
|---|---|---|
| १ | जनप्रतिनिधी महिलाहरुका लागी सकारात्मक सोच तथा तनाब व्यबस्थापन तालिम | ५००००० |
| २ | उपाध्यक्ष महिला उधमी कार्यक्रम(स्यानिटरी प्याड,फाइबर झोला बनाउने तालिम,ढाका बुनाइ,कृष्टल गहना तालिम र सहयोग) | स्यानिटरी प्याड-२००००० फाइबर झोला-१००००० ढाका बुनाइ-६००००० कृष्टल गहना तालिम-३००००० तालिम पश्चातको बस्तुगत सहायता-६००००० |
| ३ | टोल बिकास संस्थामा आबद्ध महिलाहरुकोलागी पारिवारीक संस्कार तथा व्यवहारीक शिक्षा तालिम | ३००००० |
| ४ | महिला उधमी कोशेली घर सञ्चालन व्यबसस्थापन तथा आयमुलक शिपमुलक लघु उधमशिलता बिकास तालिम | आय मुलक शिपमुलक लघु उधमशिलता बिकास(घरेलु हस्तकला) तालिम-५००००० कोशेली घर व्यबस्थापन तथा संचालन-५००००० |
| ५ | लैगिक हिंसा तथा लैगिंक समानता तालिम संचालन | ३००००० |
| ६ | जनमुखि शिक्षा बहस केन्द्र संचालन अर्धबार्षिक/बार्षिक समिक्षा तथा भेला(Reflect center) | जनमुखि शिक्षा बहस कार्यक्रम-४००००० अर्धबार्षिक/बार्षिक समिक्षा तथा भेला(Reflect center)-१००००० |
| ७ | जैबिक बिबिधता संरक्षण,मा महिला सहभागीता तालिम | १००००० |
| ८ | जलबायु परिबर्तन अनुकुलन तथा बिपद व्यबस्थापन सचेतना तालिम | १००००० |
| ९ | टोल बिकास संस्थाहरुकालागी सरसफाइ सम्बन्धि अभिमुखिकरण तथा टोल सुधार कार्यक्रम | ५००००० |
| १० | महिलाहरुका लागी ड्राइभिङ्ग तालिम | २००००० |
| ११ | किशोरी हजाम तालिम तथा सामग्री सहयोग | हजाम (कपाल काट्ने)तालिम-१५०००० सहायता सामग्री बस्तुगत सहायता-१००००० |
| १२ | महिलाको लागी लोकसेवा लोक सेवा तयारी कक्षा संचालन | ३५०००० |
| १३ | महिलाहरुकालागी एडभान्स सिलाइ कटाइ तालिम | ३००००० |

निर्णय नं १३

गांउसभाबाट बाट बिनियोजित र निर्णय नं १२ बाट बिभाजित तपशील बमोजिमका चालु कार्यक्रम कियाकलाप कार्यान्वयनकालागी कार्यालयको कार्यबोझको कारण समय व्यबस्थापन गर्न त्यस्ता कार्यक्रम कृयाकलाप संचालन गर्न

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

ईच्छुक सामाज कल्याण परिषद वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका र यस कार्यालयमा सुचिकृत स्थानिय, गैर सरकारी संघ संस्थाहरुलाई सार्वजनिक खरीद ऐन २०६३ को दफा ४६ तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९९ को उपनियम २ बमोजिम १५ दिने सुचना प्रकाशन गर्ने र प्रकाशित सुचनाबमोजिम पर्न आएका प्रस्तावहरु सोही नियमावलीको प्राबधान अनुरुप स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं | कार्यक्रम कृयाकलापको नाम | बिनियोजित/बिभाजित बजेट |
|---|---|---|
| १ | जनप्रतिनिधी महिलाहरुका लागी सकारात्मक सोच तथा तनाब व्यबस्थापन तालिम | ५००००० |
| २ | स्यानिटरी प्याड बनाउने तालिम संचालन<br>फाइबर झोला बनाउने तालिम संचालन<br>ढाका कपडा बुनाइ तालिम संचालन<br>कृष्टल गहना बनाउने तालिम संचालन | ३०००००<br>१०००००<br>६०००००<br>२००००० |
| ३ | टोल बिकास संस्थामा आबद्ध महिलाहरुकोलागी पारिवारीक संस्कार तथा व्यबहारीक शिक्षा तालिम | ३००००० |
| ४ | आय मुलक शिपमुलक लघु उधमशिलता बिकास(घरेलु हस्तकला) तालिम संचालन | ५००००० |
| ५ | लैगिक हिंसा तथा लैगिक समानता तालिम संचालन | ३००००० |
| ६ | जनमुखि शिक्षा बहस कार्यक्रम संचालन | ४००००० |
| ७ | जैबिक बिबिधता संरक्षणमा महिला सहभागीता तालिम | १००००० |
| ८ | जलबायु परिबर्तन अनुकुलन तथा बिपद व्यबस्थापन सचेतना तालिम | १००००० |
| ९ | टोल बिकास संस्थाहरुकालागी सरसफाइ सम्बन्धि अभिमुखिकरण | ५००००० |
| १० | महिलाहरुका लागी ड्राइभिङ्ग तालिम | २००००० |
| ११ | हजाम (कपाल काट्ने)तालिम संचालन | १५०००० |
| १२ | महिलाको लागी लोकसेवा लोक सेवा तयारी कक्षा संचालन | ३५०००० |
| १३ | महिलाहरुकालागी एडभान्स सिलाइ कटाइ तालिम संचालन | ३००००० |

निर्णय नं १४

यस अघि बिभिन्न वडा कार्यालयको भवन बनाउने निर्णय भएकव मिति २०७६/०५/०७ पश्चातमात्र जग्गा प्रास भएको वडा नं ६ को कार्यालय भवनको समेत तपशीलको बिबरण बमोजिम डि.पी.आर.,डिजाईन तथा ल.ई. स्वीकृत गरि निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशीलः

| सि.नं | वडा नं | कित्ता नं | क्षेत्रफल | स्वीकृत ल.ई. | श्रोत |
|---|---|---|---|---|---|
| १ | ६ | ८५७ | ०-१-०-० | १३९०००००। | पूंजीगत शीर्षकको केन्द्र तथा वडा कार्यालय भवनमा बिनियोजित, जिल्ला समन्वय समितिको अनुदान र प्रदेश सरकार समपुरक |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष